# अर्थ बुलेटिन

वर्ष ३ अंक ८ फागुन, २०७८

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म राजस्व परिचालन १९.९ प्रतिशतले वृद्धि भएको छ। संघीय सरकारी खर्च १८.३ प्रतिशतले वृद्धि भएको भए तापनि पूँजीगत खर्चमा सुधार हुन सकेको छैन। वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा न्यून रहेको छ।
- कुल वस्तु निर्यात र आयात दुवै वृद्धि भएको छ। निर्यातमा उल्लेख्य वृद्धि भएको भएता पनि आयात व्यापारको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति बढेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको भए तापनि विप्रेषण आप्रवाहमा कमी आएको छ। पर्यटन आगमनमा वृद्धि भएको छ । चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत घटेको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा परेको चाप अझै कायमै छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ५ खर्ब ७१ अर्ब २ करोडको तुलनामा १८.३ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ७५ अर्ब ३० करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ५ खर्ब ३८ अर्ब ४३ करोड, पूँजीगत खर्च रु. ७७ अर्ब १५ करोड र वित्तीय व्यवस्था तर्फ रु. ५९ अर्ब ७१ करोड रहेको छ। यस अवधिको चालु खर्चमा १८.१ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ३.२ प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | ४०३११.३९ | ४०८३९.१५ | ४५०८२.२९ | ४५५८१.६ | ५३८४३.५७ |
| पूँजीगत | ९४१५.७ | ९०३१.०२ | ९६८४.८७ | ७९६९.६७ | ७७१४.६८ |
| वित्तीय व्यवस्था | ३१७१.५२ | ४२१९.४९ | ६३५२.५६ | ३५५०.८३ | ५९७१.४५ |
| कुल खर्च | ५२८९८.६१ | ५४०८९.६६ | ६१११९.७२ | ५७१०२.१ | ६७५२९.७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पहिलो आठ महिनाको कुल संघीय सरकारी खर्चमा असोज र पुष महिनामा खर्च प्रतिशत सबैभन्दा बढी क्रमशः २१.४ प्रतिशत १७.७ प्रतिशत रहेको छ भने साउन र कात्तिक महिनामा सबैभन्दा कम क्रमशः १.६ प्रतिशत र ७.९ प्रतिशत रहेको छ ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल संघीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५० | ०.०० | १०४९.२५ | ०.०१६ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.११८ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.२१४ |
| कार्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.०७९ |
| मङ्सिर | ८३८२.०९ | ७६१.१४ | ८०६.२८ | ९९४९.५१ | ०.१४७ |
| पुष | ८९०८.१४ | २२४०.४५ | ८१७.२८ | ११९६५.८७ | ०.१७७ |
| माघ | ६९२१.३८ | ९९८.१६ | ५१३.६५ | ८४३३.१९ | ०.१२५ |
| फागुन | ६२८१.१७ | १६३५.७२ | ५१०.३२ | ८४२७.२१ | ०.१२५ |
| **जम्मा** | **५३८४३.५७** | **७७१४.६८** | **५९७१.४५** | **६७५२९.७०** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ५ खर्ब ७१ अर्ब २० करोडको तुलनामा १९.९ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ८४ अर्ब ७० करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. ६ खर्ब २८ अर्ब ४१ करोड र गैरकर राजस्व रु. ५६ अर्ब २९ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ७ खर्ब २२ अर्ब ७५ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | ३९३२२.९७ | ४५६९९.८२ | ४९७५४.४४ | ५२७६६.९२ | ६२८४०.४७ |
| गैरकर | ४५०७.७९ | ५१५९.५९ | ४९२९.७२ | ४३५३.४२ | ५६२९.४८ |
| **कुल राजस्व** | ४३८३०.७६ | ५०८५९.४१ | ५४६८४.१६ | ५७१२०.३४ | ६८४६९.९४ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको फागुनसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**


| कर शीर्षक | आ.व.२०७८/७९ वार्षिक लक्ष्य रु. करोडमा | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन | फागुनसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७,८९२.४०** | **१३,९४८.७२** | **१६,६८६.०५** | **१९.६** | **१८,०६७.९६** | **९२.४** |
| **मूल्य अभिवृद्धि कर** | **३१,६३६.१०** | **१७,५०४.४४** | **२०,३५४.४०** | **१६.३** | **१९,७४१.३५** | **१०३.१** |
| उत्पादन, बिक्री, सेवा | १३,६६७.३१ | ७,४५०.६६ | ७,०६२.७५ | (५.२) | ८,०४६.५० | ८७.८ |
| पैठारी | १७,९६८.७९ | १०,०५३.७८ | १३,२९१.६५ | ३२.२ | ११,६९४.८५ | ११३.७ |
| **अन्तःशुल्क** | **१८,२१६.७८** | **८,४०५.९३** | **१०,७७४.७९** | **२८.२** | **११,८९६.७६** | **९०.६** |
| आन्तरिक उत्पादन | ११,०७६.५० | ५,०३६.०२ | ६,६४५.९३ | ३२.० | ६,५८७.६९ | १००.९ |
| पैठारी | ७,१४०.२८ | ३,३६९.९१ | ४,१२८.८६ | २२.५ | ५,३०९.०७ | ७७.८ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **२५.२५** | **४७.३९** | **८७.७** | **६८.६३** | **६९.१** |
| **आयकर** | **२८,९४९.९६** | **१२,८८२.५८** | **१४,९७७.८४** | **१६.३** | **१५,७४५.६२** | **९५.१** |
| आयकर | २५,५५०.४२ | ११,२१६.१९ | १३,२८४.७७ | १८.४ | १३,३२५.९४ | ९९.७ |
| ब्याज कर | ३,३९९.५४ | १,६६६.३८ | १,६९३.०७ | १.६ | २,४१९.६८ | ७०.० |
| **कर राजस्व जम्मा** | **१०६,७९६.२५** | **५२,७६६.९२** | **६२,८४०.४७** | **१९.१** | **६५,५२०.३१** | **९५.९** |
| **गैर कर जम्मा** | **११,२६३.७९** | **४,३५३.४२** | **५,६२९.४८** | **२९.३** | **६,३९५.८८** | **८८.०** |
| **कूल राजस्व जम्मा** | **११८,०६०.०४** | **५७,१२०.३४** | **६८,४६९.९४** | **१९.९** | **७१,९१६.१९** | **९५.२** |
| **अन्य प्राप्ति** | **-** | **३,२७२.६२** | **३,८०४.६१** | **१६.३** | **-** | **-** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८,०६०.०४** | **६०,३९२.९६** | **७२,२७४.५६** | **१९.७** | **७१,९१६.१९** | **१००.५** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ। अन्तःशुल्कको आन्तरिक उत्पादनको वृद्धिदर शिक्षा, सेवा शुल्क पछि, सबैभन्दा बढी रहेको छ ।

५. चालु आर्थिक वर्षको फागुनसम्म कुल राजस्व लक्ष्यको ९५.२ प्रतिशत सङ्कलन भएको छ। वार्षिक लक्ष्यको तुलनामा चालु आर्थिक वर्षको फागनु महिनासम्मको राजस्व संकलन लगभग ५८ प्रतिशत पुगेको छ ।


**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको फागुन महिनासम्मको सङ्कलित राजस्वको संरचना**




६. कुल राजस्व संकलनको संरचनामा सामान्य उतारचढाव आएको छ । चालु आर्थिक वर्षको पहिलो आठ महिनाको कुल राजस्वमा अन्तशुल्कको हिस्सा वृद्धि भएको छ भने मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो आठ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो आठ महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। कोभिड -१९ को सङ्क्रमणको रोकथाम र नियन्त्रणको लागि चालिएका कदमबाट अर्थतन्त्र प्रभावित भएका कारण आर्थिक वर्ष २०७७/७८ को पहिलो आठ महिनामा ४.५ प्रतिशत रहेको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा १९.९ प्रतिशतले वृद्धि भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ३ अर्ब ५८ करोडको तुलनामा १९.९ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ३ अर्ब ७० करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ६७ अर्ब ६२ करोडको तुलनामा १९.८ प्रतिशतले वृद्धि भई रू. ८१ अर्ब पुगेको छ।

## करको दायरा विस्तार

९. २०७८ फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४६ लाख २४ हजार ४ सय ६१ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २८ लाख ५६ हजार ५ सय ८९ (६१.८ प्रतिशत), व्यावसायिक स्थायी लेखा नम्बर लिने १७ लाख ५२ हजार ६ सय ७४ (३७.९ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १५ हजार १ सय ९८ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १४ हजार ७६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १६ हजार ५ सय ६० पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असार मसान्त | आ.व. २०७७/७८ को फागुनसम्ममा थप | आ.व. २०७८/७९ को फागुनसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १५८०३८० | १८९,९७० | १७२,२९४ | १,७५२,६७४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | २४७५७५३ | ३८०,९०८ | ३८०८३६ | २,८५६,५८९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ९९९८ | ३,०९४ | ५२०० | १५,१९८ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४,०६६,१३१** | **५७३,९७२** | **५५८,३३०** | **४,६२४,४६१** |
| मू.अ.कर | २९०७१४ | २६,५६३ | २३३६२ | ३१४,०७६ |
| अन्तः शुल्क | १०४१८२ | १५,००६ | १२३७८ | ११६,५६० |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३२.७ प्रतिशतले कमी आई रु. १ खर्ब २६ अर्ब ७ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु. ९ अर्ब ४६ करोड र ऋण सहायता रु. १ खर्ब १६ अर्ब ६१ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ८७ अर्ब ४३ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये आई.एम.एफ, एशियाली विकास बैंक र विश्व बैंकबाट क्रमशः ३७.० प्रतिशत, २१.८ प्रतिशत र १६.६ प्रतिशत प्राप्त भएको छ।

१२. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी बजेटरी सहायतामा ४५.३ प्रतिशत र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा २.५ प्रतिशत प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनाको विकास सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | २९१६.७६ | १२९२९.५० | १५८४६.२६ | १२.६ |
| उर्जा | ०.०० | ७१७०.०० | ७१७०.०० | ५.७ |
| खानेपानी तथा सरसफाई | ३२०६.५५ | ०.०० | ३२०६.५५ | २.५ |
| कृषि | ०.०० | ११६२२.७३ | ११६२२.७३ | ९.२ |
| कोभिड | ०.०० | १९६९७.७० | १९६९७.७० | १५.६ |
| स्वास्थ्य | ०.०० | ८०१९.५० | ८०१९.५० | ६.४ |
| वन तथा वातावरण | ३३३९.३५ | ०.०० | ३३३९.३५ | २.६ |
| बजेटरी सहायता | ०.०० | ५७१७०.३६ | ५७१७०.३६ | ४५.३ |
| जम्मा | ९४६२.६६ | ११६६०९.७९ | १२६०७२.४५ | १००.० |

स्रोतः अर्थ मन्त्रालय

### वित्तीय क्षेत्र

१३. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर क्रमशः ४.१ प्रतिशत र १२.८ प्रतिशतले वृद्धि भएको छ।

१४. २०७८ फागुनसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ को सोही अवधिमा ७४९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१५. २०७७ फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४३ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ फागुन मसान्तमा १२८ कायम भएको छ। गत आर्थिक वर्षको २०७७ फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,४३० रहेकोमा २०७८ फागुन मसान्तमा शाखा सङ्ख्या ११, ३४९ पुगेको छ।

### बीमा क्षेत्र

१६. चालु आर्थिक वर्षको फागुन महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २८.९ प्रतिशतले वृद्धि भई १ करोड ३१ लाख १९ हजार १ सय १३ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८५.२ प्रतिशत र १४.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८०.५ प्रतिशत र १९.५ प्रतिशत रहेको थियो।

१७. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १७ अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब २ अर्ब ४० करोड रहेको थियो।


१८. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.५ प्रतिशत र २१.५ प्रतिशत रहेको छ। गत वर्षको फागुन महिनासम्म उक्त हिस्सा क्रमशः ८०.३ प्रतिशत र १९.७ प्रतिशत रहेको थियो।

१९. चालु आर्थिक वर्षको फागुन महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ३५.४ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २६.३ प्रतिशत रहेको थियो।

### पूँजी बजार

२०. २०७७ फागुन मसान्तमा २४५८.४९ विन्दुमा रहेको नेप्से सूचकांक २०७८ फागुन मसान्तमा २६६८.१२ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ११.७ प्रतिशतले वृद्धि भई रु. ३७ खर्ब ८२ अर्ब ७९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३३ खर्ब ८७ अर्ब ३३ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको फागुनमसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२१. २०७८ फागुन महिनाको १ गते २७००.९० विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतारचढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन फागुन ३० गते २६८८.१२ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७८ फागुन महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२२. २०७८ फागुन मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.१४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ३.०३ प्रतिशत रहेको थियो।

२३. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.५१ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.८४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ३.८० प्रतिशत र २.४२ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२४. आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८२.९ प्रतिशतको उच्च वृद्धि भई रु. १ खर्ब ४७ अर्ब ७५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ८० अर्ब ७८ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, भटमासको प्रशोधित तेल र सूर्यमुखीको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। सेन्थेटिक यार्न, जुटका बुनिएका कपडा, फलफूलको जूस, तयारी कपडा लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने ३४.३ प्रतिशतले घटेको छ।

२५. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८०.४ प्रतिशत, ०.४ प्रतिशत र १९.२ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७२.० प्रतिशत, ०.८ प्रतिशत र २७.२ प्रतिशत रहेको थियो।

२६. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यात १०४.२ प्रतिशत वृद्धि भएको छ भने चीन तर्फको निर्यात ११.० प्रतिशतले कमी आएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | २३१२.६२ | ४१४०.१८ | ७९.० |
| प्रशोधित पाम तेल | ०.०४ | ३५३३.८१ | - |
| सेन्थेटिक यार्न | ५०१.१४ | ८३०.३१ | ६५.७ |
| उनी गलैंचा कार्पेट | ४७४.९५ | ५९१.६७ | २४.६ |
| तयारी कपडा | ३६१.७१ | ४७२.३४ | ३०.६ |
| जुटका बुनिएका कपडा | २९१.१७ | ४३९.६१ | ५१.० |
| सुर्यमुखिको प्रशोधित तेल | ९६.१८ | ३६१.४८ | २७५.८ |
| फलफुलको जुस | २३८.२७ | ३३९.६ | ४२.५ |
| अलैंची | ४९५.२ | ३२५.५८ | -३४.३ |
| जमोठ कपडा | २७४.८४ | ३२२.८७ | १७.५ |
| अन्य | ३०३१.६५ | ३४१७.१० | १२.७ |

| कुल | ८,०७७.७७ | १४,७७४.५५ | ८२.९ |
|---|---|---|---|

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

२७. चालु आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.६ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ८ अर्ब ७३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ९ खर्ब ४३ अर्ब ९९ करोड रहेको थियो।

२८. चालु आर्थिक वर्षको फागुन महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा मानव उपचारका भ्याक्सिन, कच्चा पाम तेल, पेट्रोल, एलपी ग्यास, डिजेल, भटमासको कच्चा तेल लगायतका वस्तुको आयात उच्च दरले बढेको छ।

२९. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.९ प्रतिशत, १४.२ प्रतिशत र २४.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६५.९ प्रतिशत, १४.४ प्रतिशत र १९.७ प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारत तर्फको आयातमा २८.१ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा ३६.७ प्रतिशतले वृद्धि भएको छ।

तालिका (झ) : पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ४७३९.५३ | ८७८३.५५ | ८५.३ |
| भटमासको तेल कच्चा | २५०२.३४ | ४३७४.६७ | ७४.८ |
| एल पि ग्यास | २१०५.२७ | ४०६४.२३ | ९३.१ |
| पेट्रोल | १९२६.७७ | ३९८५.६९ | १०६.९ |
| एम.एस.विलेट | ४४४५.९ | ३३७७.४१ | -२४.० |
| सुन | १६३६.२६ | ३२६८.४१ | ९९.७ |
| मोवाइल टेलिफोन | २६३०.५५ | ३०९९ | १७.८ |
| कच्चा पाम तेल | ४२४.०४ | ३०८२.०९ | ६२६.८ |
| भ्याक्सीन (मानव उपचारका ) | २०२.७४ | २७६४.६१ | १२६३.६ |
| एच.आर.सिट | १८०४.१७ | २६२०.५२ | ४५.२ |
| अन्य | ७१९८१.१३ | ९१४५३.२५ | २७.१ |
| कुल | ९४,३९८.७० | १३०,८७३.४३ | ३८.६ |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३१. आर्थिक वर्ष २०७८/८९ को फागुन महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.५ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ६० अर्ब ९९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा रु. ८ खर्ब ६३ अर्ब २१ करोड रहेको थियो।


तालिका (ङ):पछिल्लो ५ आर्थिक वर्षको फागुन महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)




स्रोतः भन्सार विभाग

३२. विगत पाँच आर्थिक वर्षको फागुन महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको फागुन महिनासम्ममा निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३३. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७.९ प्रतिशत र ९२.१ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३४. आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. ५१ अर्ब ६८ करोडको तुलनामा ३१.६ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब १ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. ९५ अर्ब ४ करोडमा ४२.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३५ अर्ब २ करोड पुगेको छ।

३५. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म खुद सेवा आय रू. ६७ अर्ब २ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ४३ अर्ब ३६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३६. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ४२ अर्ब ३३ करोडको तुलनामा १.७ प्रतिशतले कमी आई रु. ६ खर्ब ३१ अर्ब १९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ८.७ प्रतिशतले वृद्धि भएको थियो।

३७. चालु आर्थिक वर्षको फागुन महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई २ लाख २७ हजार ९ सय पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ८२.९ प्रतिशतले कमी आई ३३ हजार १ सय ६१ मा झरेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई १ लाख ७८ हजार २ सय ६२ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्ममा शोधनान्तर घाटा रु. २ खर्ब ५८ अर्ब ६४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर बचत रु. ६८ अर्ब १ करोड रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. ४ खर्ब ६२ अर्ब ९३ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. १ खर्ब ५१ अर्ब ४२ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३९. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १४ खर्ब ३६ अर्ब ५४ करोडको तुलनामा १८.५ प्रतिशतले कमी आई रू ११ खर्ब ७१ अर्ब कायम भएको छ।

४०. आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४१. २०७८ असार मसान्तको तुलनामा २०७८ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.६३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १२२.२५ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु. ११९.०४ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४२. आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्म दर्ता भएका कम्पनीको संख्या २०,७२८ रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तमा यस्तो सङ्ख्या ५.६ प्रतिशतले वृद्धि भई २१,८९९ पुगेको छ।

**चार्ट (छ): पछिल्लो चार आर्थिक वर्षको पहिलो आठ महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय ।

### पर्यटक आगमन

४३. सन् २०२२ को मार्चसम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई ७८ हजार ७ सय ४७ पुगेको छ। गत वर्षको सोही अवधिमा कोभिड १९ महामारीको कारण उक्त सङ्ख्या ८५ प्रतिशतले कमी आई ३२ हजार ९ सय ९७ रहेको थियो।

४४. सन् २०२२ को मार्च महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा उल्लेख्य वृद्धि भई रू १४ अर्ब ४९ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ९१.६ प्रतिशतले कमी आई रू ७ अर्ब २६ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४५. मिति २०७८ फागुन ६ गते माननीय अर्थमन्त्री जनार्दन शर्माले एशियाली विकास बैंकका कार्यकारी निर्देशक डा. वान फारिसनसँग भुर्चुअल माध्यमबाट छलफल गर्नुभयो। सो क्रममा माननीय अर्थमन्त्रीले कोभिड महामारी नियन्त्रण गर्न तथा नेपालको आर्थिक सामाजिक विकासमा पुऱ्याएको सहयोगप्रति बैंकलाई धन्यवाद दिनु भयो। साथै उहाँले कोभिड -१९बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानका लागि बैंकको थप सहयोग नेपाललाई आवश्यक रहेको बताउनुभयो।

४६. माननीय अर्थमन्त्री जनार्दन शर्माले मिति २०७८ फागुन २४ गते राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारीसँग अर्थ मन्त्रालयमा छलफल गर्नु भयो। सो अवसरमा माननीय अर्थमन्त्रीले संघीयताको प्रभावकारी कार्यान्वयन मार्फत मुलुकको विकास गर्न स्थानीय तहलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो। साथै उहाँले स्थानीय तहलाई आत्मनिर्भर बनाउन सके देशले आर्थिक विकासमा गति लिने विश्वास व्यक्त गर्नु भयो।